नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई
सिंहदरवार, काठमाण्डौं ।

प. सं.:- ०७२/७३
च. नं.:- ३४२,

मिति: २०७३।०१।०९

विषय: **परिपत्र सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय (७५ सबै)
श्री महानगर/उपमहानगर/नगरपालिका (२१७ सबै)

यस मन्त्रालयको मिति २०७२।१०।२६ को (मा. राज्यमन्त्रीस्तर) निर्णयानुसार यस कार्यक्रमका तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियरहरुको पदपूर्ति सम्बन्धि एकिकृत विज्ञापन मिति २०७२।१०।२८ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । यसरी एकिकृत रुपमा विज्ञापन गरिए तापनि कतिपय स्थानीय निकायहरुमा दरखास्त संकलन गर्ने कार्यमा बाधा उत्पन्न हुन गएको तथा विभिन्न स्थानीय निकायहरुको छनौट प्रकृयामा एकरुपता नदेखिएकोले गर्दा सबै निकायहरुको छनौट प्रकृयामा एकरुपता ल्याउन तथा समग्र प्रकृयामा गुणस्तर सुनिश्चित गर्न केही समयलाई छनौट प्रकृया जुन अवस्थामा रहेको छ सोही अवस्थामा रहने गरी तत्काललाई स्थगित भएको व्यहोरा विदितै छ । सो सम्बन्धमा यस मन्त्रालयको मिति २०७३।०१।०९ को (मा. राज्यमन्त्रीस्तर) निर्णयानुसार स्थगन भएको छनौट प्रकृयालाई **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा नियुक्त हुने कार्यक्रम अधिकृत, सामाजिक विकास अधिकृत तथा इन्जिनियरहरुको छनौट सम्बन्धि कार्यविधि, २०७२** बमोजिम हुने गरी जुन अवस्थामा स्थगित भएको थियो सोही अवस्थाबाट पुन: सुचारु गर्ने भनी निर्णय भएकोले सोही बमोजिम यथासिघ्र प्रकृया अगाडि बढाउनहुन निर्णयानुसार अनुरोध छ । साथै देहायका जिल्ला विकास समिति तथा नगरपालिकाहरुका कार्यक्रम अधिकृत (LGCDP Focal Person) को हकमा कुनै पनि आवेदन नपरेको वा नगण्य मात्र परेको भन्ने बुझिएको हुँदा १५ दिनको म्याद राखी गोरखापत्र दैनिकमा पुन: सूचना प्रकाशन गर्ने निर्णय भएकोले सोही अनुसार गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

**देहाय:**

| सि. नं. | स्थानीय निकायको नाम | सूचना नं. |
|---|---|---|
| १. | जिल्ला विकास समितिको कार्यालय, सुनसरी | ०१/०७२-०७३ |
| २. | हेटौडा उपमहानगरपालिकाको कार्यालय, मकवानपुर | ०२/०७२-०७३ |
| ३. | इटहरी उपमहानगरपालिकाको कार्यालय, सुनसरी | |
| ४. | भक्तपुर नगरपालिकाको कार्यालय, भक्तपुर | |
| ५. | मध्यपुर ठिमी नगरपालिकाको कार्यालय, भक्तपुर | |
| ६. | थाहा नगरपालिकाको कार्यालय, मकवानपुर | |
| ७. | पनौती नगरपालिकाको कार्यालय, काभ्रे | |
| ८. | बनेपा नगरपालिकाको कार्यालय, काभ्रे | |
| ९. | धुलिखेल नगरपालिकाको कार्यालय, काभ्रे | |
| १०. | बर्दघाट नगरपालिकाको कार्यालय, नवलपरासी | |
| ११. | सुनवल नगरपालिकाको कार्यालय, नवलपरासी | |
| १२. | बाग्लुङ नगरपालिकाको कार्यालय, बाग्लुङ | |
| १३. | लेखनाथ नगरपालिकाको कार्यालय, कास्की | |
| १४. | पथरी शनिश्चरे नगरपालिकाको कार्यालय, मोरङ | |
| १५. | वेलवारी नगरपालिकाको कार्यालय, मोरङ | |
| १६. | इनरुवा नगरपालिकाको कार्यालय, सुनसरी | |

०७३।०१।०९

रमेश शर्मा
प्रशासकीय अधिकृत

फोन नं.: ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ९७७-०१-४२००३२६, ईमेल: lgcdp@wlink.com.np, वेब पेज: www.lgcdp.gov.np